वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक ९६ | २०८३ साउन १७ गते आइतबार, नेपाल सम्वत् ११४६ August 02, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## दोस्रो राष्ट्रिय कोदो दिवस

तनहुँको म्याग्दे गाउँपालिका-७ माझिलाङका किसानहरू पाखोबारीमा कोदोको विऊ रोप्दै । परम्परागत कृषि, स्थानीय उत्पादन र खाद्य सुरक्षाको सन्देशसहित म्याग्दे गाउँपालिकाले यहाँका कृषकहरूसंग कोदो रोपाई कार्यक्रम आयोजना गरी दोस्रो राष्ट्रिय कोदो दिवस मनाएको छ ।

मन्त्रिपरिषद्को २०८१ साल असार तेस्रो साताको बैठकले गरेको निर्णयअनुसार २०८२ साल साउन १६ गतेदेखि राष्ट्रिय कोदो दिवस मनाउन थालिएको हो । सन् २०२३ लाई संयुक्त राष्ट्र संघले कोदोजन्य बाली वर्षको रूपमा मनाएको थियो । कोदो दिवस मनाउँदै गर्दा करोडौंको आयात गरिँदै आइएको कोदोको आयात कसरी विस्थापित गर्न सकिन्छ भनेर पहल गर्नुपर्ने कृषिविज्ञ बताउँन थालेका छन् । राम्रोसँग भण्डारण गरेमा सयौं वर्ष पनि सुरक्षित रहने भएकाले कोदो भविष्यमा खाद्य संकट हटाउन सहयोगी हुने कृषिविज्ञ बताउँछन् । कोदोमा अन्य बालीमा जस्तो विषादी, रासायनिक मलजस्ता कुनै पनि पदार्थ हाल्न नपर्ने भएकाले यो स्वस्थ र देशका लागि नै फाइदा हुने पनि कृषिविज्ञहरु बताउँछन् । कुपोषणबाट बच्नका लागि कोदोजन्य बालीको उत्पादन प्रवर्द्धन गर्नुपर्ने अहिलेको आवश्यकता देखिएको छ । पछिल्लो समय कोदोको माग र उपयोग बढ्दै गएपनि खेती र उत्पादन क्षेत्र घट्दै गएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा रू सात करोड १५ लाख २७ हजार बराबरको कोदो आयात भएको तथ्याङ्क छ । आव २०७७/७८ मा रू सात करोड २२ लाख बराबरको कोदो आयात भएको छ भने २०७९/८० मा रू ७३ करोड २० लाख र आव २०८०/८१ मा मात्र रू ७५ करोड ४४ लाख २२ हजार ६५९ बराबरको कोदो आयात भएको सरकारी तथ्याङ्क रहेको छ ।

*तस्विर : भञ्ज्याङ*

# भिमादको रू ६७ करोड ७१ लाखको बजेटसहित वार्षिक नगर विकास योजना

## सुशासन र समृद्धिलाई केन्द्रमा राख्दै कार्यान्वयनमा नगरप्रमुख सुवेदीको जोड

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटसहितको वार्षिक नगर विकास योजना पुस्तिका शुक्रबार सार्वजनिक गरेको छ । २२औँ नगरसभाबाट पारित नीति, कार्यक्रम र बजेटलाई औपचारिक समारोहबीच नगर प्रमुख दधिराज सुवेदीले विमोचन गरेका थिए ।

पुस्तिका सार्वजनिक कार्यक्रममा संविधानसभा सदस्य टुकराज सिग्देल, नगर उपप्रमुख शारदा खनाल, नगरसभाका सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, विद्यालयका प्रधानाध्यापक, तथा सरोकारवालाको उपस्थिति रहेको थियो।

नगरपालिकाले सार्वजनिक गरेको बजेटअनुसार आगामी आर्थिक वर्षका लागि कुल रू. ६७ करोड ७१ लाख विनियोजन गरिएको छ । त्यसमध्ये चालु खर्चतर्फ रू. ४७ करोड ७२ लाख तथा पुँजीगततर्फ रू. १९ करोड ९८ लाख अर्थात् करिब ३० प्रतिशत बजेट विनियोजन गरिएको छ ।

कार्यक्रममा नगर प्रमुख सुवेदीले आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम स्थानीय तहको योजना निर्माण प्रक्रियाअनुसार व्यापक परामर्श र सहभागितामूलक ढंगले तयार गरिएको बताए । नगरपालिकाले संविधानले प्रत्याभूत गरेका समृद्ध, समावेशी, आत्मनिर्भर र न्यायमूलक समाज निर्माणका लक्ष्यलाई केन्द्रमा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरेको उनको भनाइ थियो ।

उनले नगरपालिकाले सुशासन, आर्थिक विकास, पूर्वाधार विस्तार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, वातावरण संरक्षण तथा सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै बजेट तथा कार्यक्रम ल्याएको उल्लेख गरे । साथै, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमसँग समन्वय गर्दै स्थानीय आवश्यकता र नागरिकका अपेक्षालाई सम्बोधन गर्ने गरी योजना तयार गरिएको बताए ।

नगर प्रमुख सुवेदीले नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार विकास, कृषि उत्पादन वृद्धि, उद्यमशीलता प्रवर्द्धन, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सूचना प्रविधिको विस्तार, पर्यटन विकास तथा सामाजिक न्यायलाई आगामी वर्षको विकासको मुख्य आधार बनाइएको बताए ।

नगरको समग्र विकासमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम तथा सम्पूर्ण नगरवासीको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै स्वीकृत नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै पक्षको सक्रिय सहयोग आवश्यक पर्ने उनले बताए।

नगरपालिकाका अनुसार सार्वजनिक गरिएको वार्षिक नगर विकास योजना पुस्तिकामा आगामी आर्थिक वर्षका विकास प्राथमिकता, बजेट विनियोजन, क्षेत्रगत नीति, कार्यक्रम तथा कार्यान्वयनका योजनाहरु समावेश गरिएको छ । पुस्तिकाले नगरपालिकाको विकास दिशालाई स्पष्ट पार्नुका साथै विकास योजनाको प्रभावकारी कार्यान्वयन, पारदर्शिता र जवाफदेहितामा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

कार्यक्रममा सहभागी वक्ताहरूले नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई व्यवहारमा सफल रूपमा कार्यान्वयन गर्न राजनीतिक नेतृत्व, कर्मचारी संयन्त्र, सरोकारवाला निकाय तथा नागरिकबीच समन्वय र सहकार्य अझ प्रभावकारी हुनुपर्नेमा जोड दिएका थिए ।




भिमाद नगरपालिकाले सार्वजनिक गरेको वार्षिक नगर विकास योजना पुस्तिका नगरको समग्र विकासका प्राथमिकता, बजेट तथा कार्यक्रमबारे जानकारी दिने आधिकारिक दस्तावेजका रूपमा रहने विश्वास व्यक्त गरिएको छ। आगामी आर्थिक वर्षमा तय गरिएका योजनाहरु समयमै कार्यान्वयन हुन सके नगरको पूर्वाधार, सेवा प्रवाह, कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन तथा आर्थिक विकासका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ ।

# तनहुँ प्रहरीको पर्यटकीय क्षेत्रमा दुईदिने पैदल गस्ती, सुरक्षा सचेतनामा जोड

**भञ्ज्याङ समाचारदाता/दमौली**

जिल्ला प्रहरी कार्यालय तनहुँले पर्यटकीय क्षेत्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन दुईदिने पैदल गस्ती सम्पन्न गरेको छ ।

प्रहरीका अनुसार साउन १५ गते दिउँसो ४ बजे प्रहरी नायब निरीक्षकको कमाण्डमा १५ सदस्यीय सात सदस्यीय अर्को टोली साउन १६ गते बिहान ४:३० बजे मानुङकोटतर्फ प्रस्थान गरेको थियो। दुवै टोली बिहान ८:१५ बजे मानुङकोटबाट पैदल फर्किएर ११ बजे जिल्ला प्रहरी कार्यालय पुगेका थिए।

गस्तीका क्रममा प्रहरीले स्थानीय बासिन्दा, आन्तरिक तथा बाह्य पर्यटकसँग भेटघाट तथा



टोली व्यास नगरपालिका-३ स्थित दुर्गा मन्दिरबाट पैदल गस्ती सुरू गर्दै मादी पुल, व्यास-५ चापाघाट हुँदै मानुङकोट पुगेको थियो । टोलीले मानुङकोटस्थित भ्यू टावर परिसरमा रात्री विश्राम गरेको थियो ।

गस्तीको अनुगमन तथा प्रहरी टोलीको मनोबल अभिवृद्धि गर्न प्रहरी नायब उपरीक्षक द्वारिका प्रसाद घिमिरेको नेतृत्वमा प्रहरी निरीक्षक अमृत लामिछानेसहित अन्तरक्रिया गर्दै पर्यटकीय क्षेत्रमा अपनाउनुपर्ने सुरक्षा सावधानी, शान्ति-सुरक्षा तथा सुरक्षित यात्रासम्बन्धी जानकारी दिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

पर्यटकीय गन्तव्यमा पर्यटकले सुरक्षित वातावरणको अनुभूति गर्न सकून् र सम्भावित सुरक्षा चुनौतीलाई समयमै न्यूनीकरण गर्न यस्ता गस्तीलाई निरन्तरता दिइने प्रहरीको भनाइ छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# महर्षि वेदव्यासको मूर्ति निर्माण प्रसंग र १०८ अंकको महत्व




गत श्रावण १३ गते महर्षि वेद व्यासको सम्भनामा गुरूपूर्णिमा तथा औपचारिक ज्ञानदिवस मनाइएको छ । गुरुपूर्णिमा सम्बन्धि वर्षैपिच्छे मनाइने ज्ञानदिवस मनाउने कार्य सम्पन्न भए पनि महर्षि वेदब्यासको १०८ फिट अग्लो मूर्ति निर्माण कार्यले अहिलेसम्म गति लिन सकिरहेको पाउँदैनौ । १०८ फिट अग्लो मूर्ति निर्माण कार्य अगाडि बढ्न नसक्नु संघीय तथा प्रदेश सरकार, स्थानीय सरकार, सम्वन्धित संस्था व्यास क्षेत्र विकास कोष र १०८ फिट अग्लो मूर्ति निर्माणमा सहयोग गर्ने सहयोगी भक्तजनहरू पनि त्यत्तिकै जिम्मेवार छन् भन्दा अनुपयुक्त नहोला ।

संघीय सरकार र प्रदेश सरकारबाट बजेट आउला र मूर्ति निर्माण अगाडि बढाउने सोच राख्नु व्यास नगरको भविष्यसंग खेलबाड गर्नु भन्ने महसुस गर्दै आगामी भाद्र महिनामा नै जग पश्चातको तेश्रो ढलाननलाई बिट मारेर मूर्ति निर्माण कार्यलाई मात्र आगामि दिनमा राख्दा बेश हुने महसुस गरेका छौं । स्थानीय पालिकाबाट यस्तै कार्यको सुरूआत हुनेछ भन्ने पूर्ण विश्वस्त बनेका छौं ।

**१०८ फिट नै किन ?**

धर्मशास्त्रीहरूको भनाई अनुसार सूर्य ग्रह, चन्द्र ग्रह र बृहस्पती ग्रह किस्य नक्षत्रको दोश्रो पाउ एकत्र भएर रहँदा एउटा युगको समाप्त भएर अर्को युगको परिवर्तनको संयोग मिल्दछ । पूर्वीय शास्त्राानुसार सत्य, त्रेता र द्वापरयुगको समापन पछि कलियुगको आगमन भएको हो । अर्थात कलि युग आउनु पूर्व सत्य त्रेता र द्वापर युगको समापन भइसकेको छ । पूर्वीय दर्शन अनुसार अहिलेको समय कलियुगको हो । द्वापरको समापन पश्चात नै कलियुगको सुरूवात भएको हो । यसैले अहिलेको युगलाई कलियुग हो भनी सहजै अनुमान गर्न सकिन्छ।

प्रकृतिको चत्रिययुग नियमानुसार कलियुग समाप्ती पश्चात पुनः सत्य युगको सुरूवात हुन्छ । कलियुग कहिले समाप्त होला? कहिले सत्ययुगको सुरूवात होला सबैको जिज्ञासा रहने विषय हो । अर्को तर्फ धर्मशास्त्रीहरूका अनुसार हरेकयुगको समापन नहुँदै सत्य, त्रेता, द्वापर र कलियुग आंशिक रूपमा दोहोरिने मान्यता रहेको छ । वि.सं. २०७१ साल साउन ११ गते आइतवारका दिन युग परिवर्तनको संयोग परेको थियो। धर्मशाश्त्रीहरू अनुसार सूर्य, चन्द्र र बृहस्पति किस्य नक्षत्रको दोश्रो पाउ एकत्र भएर रहने हुँदा उक्त दिनलाई सत्य युग परिवर्तनको संयोग परेको दावी गरिएको थियो । यस बारेमा श्रीमद्भागवत गीता दवादश खण्डको अध्याय दुइको श्लोक २४ अनुसार सूर्य चन्द्र र वृहस्पति एकत्र भएमा युग परिवर्तन हुने उल्लेख गरेको छ ।

हिन्दु धर्मशास्त्रमा १०८ अङ्कले ठूलो महत्व राख्दछ । १०८ अङ्कमा १ अङ्कलाई ज्ञान, ० अंकलाई पूर्णज्ञान तथा सम्पूर्णता र ८ अङ्कलाई अनन्तज्ञानको प्रतिक मानिन्छ । यसैले १०८ को अङ्कमा इश्वरको प्रतिक देखिन्छ। जस्मा ब्रह्मा, विष्णु र महेश्वर तीनै देवता समाहित भएर रहेका हुन्छन् । कामका हेतु तीन देवता फरक फरक देखिएता पनि तीनै देवता एक नै हुन । सून्य निगरूण ब्रह्माका प्रतिक हो। अङ्क ८ मा पुरै प्रकृति समाहित हुन्छ ।

श्रीमदभागवत पुराणका अनुसार पृथ्वी, जल, वायु, तेज, आकास, मन, बुद्धि र अहंकार आठ तत्वहरू भगवानका प्रकृति हुन् । गणित शास्त्रानुसार हाम्रो बोलचाल तथा लेखाइको भाषामा मुलाङ्कमा ० देखि १, २, ३, ४, ५, ६, ७, ८ र ९ सम्म मात्र अङ्कहरूमा सिमितता पाइन्छ । १ अङ्क र ८ अङ्क जोडदा ९ हुन्छ । ९ अङ्क अक्षयको अङ्क हो । एकदेखि ९ सम्मका अङ्कहरू नौ ग्रहका प्रतिक हुन। त्यस पछिका अङ्कहरू भने मुलाङ्क (integer) बाटै दोहोरिने गर्दछन । अङ्कगणितमा १, २, ३ को पावरलाई जोडदा १०८ हुन्छ । जस्तै १ को पावर अङ्क १, २ पावर ४ र ३ को पावर अङ्क २७ हुन्छ । अर्थात १, ४ र २७ को गुणानफल तथा पावर अङ्क १०८ नै हुन्छ । संस्कृत भाषाको गणितमा हर्शद अङ्क भन्ने हुन्छ । जस्मा त्यही अङ्कको संख्याले भाग गर्दा मुलाङ्क हुन आउँछ। जस्को राम्रो उदाहरण १०८ लाई लिन सकिन्छ ।

मानिसको जीवनमा साँसारिक बस्तुको प्राप्ति, इश्वरका दर्शन वा ब्रह्मा तत्वका अनुभूति गर्न सकिन्छ । मानिसको सांस फेर्ने कृयाकलापसंग पनि १०८ अङ्कको साइनो जोडिएको छ । तान्त्रिक विद्या अनुसार २४ घण्टा भित्र मानिसले २१६०० पटक सास फेर्ने गर्दछ । जस मध्ये १०८०० शौर्य उर्जा र १०८०० लाई चन्द्र उर्जा भनिन्छ । यदी हामीले १०८०० लाई १०० ले भाग गर्यौं भने भागफल १०८ नै हुन आउँछ । दिनका २४ घण्टामा मानिसका १२ घण्टा काममा नै व्यतित् हुन्छ । शेष १२ घण्टा देवीदेवताको आराधनाको लागि बच्दछ । अर्थात १०८०० सांसका उपयोग आफ्ना इष्टदेवको स्मरण गर्न आवश्यक पर्दछ । यतिका समय हामी सबैले प्रयोग गर्न सक्दैनौ । त्यसैले यस संख्यामा अन्तिमका दुई गोटा सून्यहरू हटाएर १०८ सासमा नै इश्वर स्मरण गर्न पर्दछ । प्रभु स्मरण तथा ध्यान गर्ने तरिकाहरू १०८ प्रकारका हुन्छन् । यदी कोही व्यक्ति ध्यानमा तल्लिन भएर दिनमा केबल १०८ पटक सास फेर्न सक्षम हुन्छ भने उस्ले बुद्धत्व प्राप्त गर्दछ ।

सूर्य र पृथ्वीको दुरी, चन्द्रमा र पृथ्वीको दुरी पृथ्वीले परिक्रमा गर्ने तरिका र त्यसले पार्ने प्रभावमा निर्भर गर्ने तथ्य खुलेको छ । सूर्यको व्यासलाई १०८ ले गुणा गरियो भने सूर्य र पृथ्वी बीचको दुरी पत्ता लाग्दछ भने चन्द्रमाको व्यासलाई १०८ ले गुणा गरियो भने पृथ्वी र चन्द्रमाको दुरी पनि प्राप्त गर्न सकिन्छ । यसैले पृथ्वीदेखि चन्द्रमासम्मको औषत दुरी चन्द्रमाको व्यास भन्दा १०८ गुणा बढी देखिन्छ । यसै गरी पृथ्वीको व्यास भन्दा सूर्यको व्यास १०८ गुणा ठूलो र सूर्यदेखि पृथ्वीसम्मको औषत दुरी सूर्यको व्यास भन्दा १०८ गुणा बढी छ । अर्को तर्फ एक वर्षमा सूर्यकलामा दुईलाख सोह्र हजार कलाहरू बदल्छन् । यस प्रकार छ महिनामा १०८००० कलाहरू बन्दछन्। अन्तिम तीन सून्य हटायो भने १०८ को संख्या नै रहन आउँछ ।

हिन्दु धर्मशास्त्रमा ॐ अक्षर ज्यादै पवित्र मानिन्छ । ॐ लाई त्रिदेव अथवा ब्रह्मण्डको पहिलो ध्वनीका प्रतिक मान्ने गरिएको छ । ॐ अक्षर हिन्दु धर्मलम्वीका अतिरिक्त वोन, बौद्ध र जैन धर्मालम्वीहरूले पनि सम्मानका साथ उच्चारण गर्दछन् । संस्कृत शब्दकोषको वर्णमालामा कुल ५४ वटा अक्षरहरू पाइन्छन् । हरेक अक्षरका आफ्नै शिव पक्ष र शक्ति पक्ष भेटिन्छन जस्को कुल जोडफल निकाल्दा १०८ को योग हुन आउँदछ ।

संस्कृत एवं नेपाली शब्दकोषको स्वर तथा व्यञ्जन वर्णमालामा गणना गरियो भने बढिमा ५४ वटा अक्षरहरू भएको पाउँदछौं। अ, उ र म बनेको ॐ अक्षरलाई एकाक्षर ब्रह्म प्रतिक अक्षर मान्ने गरिन्छ। ॐ अक्षर स्वरवर्ण र व्यञ्जनवर्णका अ, उ, म, को समष्टि रूप हो । अ, उ र म का तीन अक्षरमा अ ले जाग्रत, उ ले स्वप्न र म ले सुषुप्तिको अवस्था जनाउँछ। अ, उ र मबाट सृजित हुने मा ॐ अक्षरमा पनि १०८ संख्याको संयोग भेटिने गर्दछ। हरेक धर्ममा मन्त्रहरूको उच्चारण ॐ अक्षरबाट सुरूवात गरिन्छन् । अ उ र म को ब्रह्म प्रतिक अक्षर ॐ ले सृष्टि, स्थिति र विनाशको प्रतिनिधित्व गर्दछ । यसैगरी अ उ र म का तीन अक्षर मध्ये अ ले जाग्रत, उ ले स्वप्न र म ले सुषुप्ति को अवस्था जनाउँने गर्दछ भन्न सक्दछौं । अन्ततः अ उ र म का तीन अक्षरहरूमा अ ले सृष्टिका सुरूवातका ३६ वटा लौकिक तत्व वा ध्वनि तरङ्गलाई संकेत गर्दछ भने उ ले सृष्टिको गतिशिलताको साथै ३६ वटा मानसिक वा प्राणिक उर्जा विन्दु र म ले सृष्टिको मौनता एवं बाँकी अन्य ३६ वटा आध्यात्मिक चेतनालाई इङ्गित गरेको पाउँदछौं जस्को कुल योगफल १०८ नै हुन आएको पाउँदछौं ।

हिन्दु दर्शन अनुसार विवाहमा दुलाहा दुलही लगाउने पुष्पमालामा १०८ वटा फूलका थुङ्गा र ऋषि मुनिहरूले फल प्राप्त हुने गरी मन्त्र जप गन मालाहरूमा पनि १०८ रूद्राक्षका दानाहरू नै राखिएको पाउँदछौं । यसैले जप मालाका हरेक १०८ वटा दानाहरू पनि सूर्यको एक एक कलाका प्रतिकहरू हुन । रूद्राक्षमालाको टुप्पामा हुने एउटा दानालाई मेरू वा सुमेरू भन्ने गरिन्छ जुन दाना १०८ भित्र पर्दैन । त्यही दानबाट माला गणनाको सुरूवात र अन्त्य गरिएको हुन्छ । सूर्यको व्यास पृथ्वीको ब्यासको १०८ गुणा हुन्छ भने चन्द्रमा र पृथ्वी बीचका औसत दुरी पनि चन्द्रमाको व्यासको १०८ गुणा हुने गर्दछ ।

ज्योतिषशास्त्र अनुसार १२ राशी र ९ ग्रहलाई पनि गुणान गरेर हेर्ने गरिन्छ । जस्को गुणनफल १०८ नै आउँछ । यद्यपि वर्तमान विश्वमा अनेक परम्परा जीवित भेटिन्छन् । जस्मा ९ र १२ का अङ्कहरूले विशेष महत्व राख्दछन् । यसैले भन्न सकिन्छ की १०८ अङ्कले सम्पूर्ण जगतको प्रतिनिधित्व गर्दछ । ऋृषिहरूको भनाइ अनुसार २७ नक्षत्र खोजमा आधारित हुन्छन जस्का ४ चरण (पाद) हुन्छन । २७ नक्षत्रमालाई ४ ले गुणा गरियो भने पनि १०८ हुन्छ । जुन अङ्क अति पवित्र मानिन्छ । यसैले हामीले मन्त्र जप गर्ने माला पनि १०८ दानाको हुने गर्दछ । कैलाश पर्वतबाट बगेर आएकी गंगानदी पृथ्वीको १२ डिग्री देशान्तर र ९ डिग्री अक्षाँशमा फैलिएको छ । जस्को गुणनफल पनि १०८ नै हुन आउँछ । ज्योतिषशास्त्रमा चांदीलाई चन्द्रमाको प्रतिक मानिन्छ । रसायन शास्त्र अनुसार चांदीको परमाणविक तौल १०८ नै पाइन्छ ।

यो ब्रह्माण्ड जल, वायु, अग्नि, धर्ती र आकास सहितको पञ्चमहाभूत तत्वले बनेको छ । हिन्दु शास्त्रमा यी पाँच तत्वलाई पञ्चभुजाकार भनिन्छ । पञ्चभुजाकारको प्रत्येक कुनाको कोण १० डिग्रीको हुन्छ । मानव शरिर पनि पञ्चमहाभूतले बनेको हुन्छ। पञ्चमहाभूतले बनेको मानवीय शरिरमा १०८ प्रकारका भावनाहरू हुन्छन । जस्मा ३६ प्रकारका भावना भूतसङ्ग, ३६ प्रकारका भावनाहरू वर्तमान सङग र ३६ प्रकारका भावनाहरू भविष्यसंग जोडिने गर्दछन ।

आयुर्वेदका अनुसार हाम्रा शरीरमा जीवित प्राणीहरूलाई जीवन प्रदान गर्ने १०८ वटा मर्म विन्दुहरू रहेका हुन्छन । नश्वर प्राणीमा १०८ सांसारिक अभिलाषाहरू हुने ठानिन्छ । मानव जातिका १०८ अज्ञानता हुन्छन । उनीहरू १०८ प्रकारका झुटका कुरा गर्न पनि माहिर हुन्छन । भरतले रचना गरेको नाट्य शास्त्रमा मानवीय हात र खुट्टामा १०८ चाल तथा करणहरू रहने बताएका छन् । यसै गरी मानिसका शरिरमा हजारौ शक्ति रेखाहरू रहन्छन । शक्ति रेखाहरूको प्रतिच्छेदन भएको विन्दुलाई नै चक्र भन्ने गरिन्छ । हाम्रो मुटु नजिक हुने हृदयचक्र मा १०८ वटा शक्ति रेखाहरू मिलेर बनेका हुन्छन । जस्मध्ये एक रेखा सुषुम्ना शिरचक्र तर्फ फैलिएको हुन्छ । आत्मज्ञान प्राप्त गर्न यही शिरचक्रलाई महसुस गर्नु पर्दछ । हिन्दुधर्ममा शक्तिशाली मानिने श्री यन्त्रमा भएका रेखाहरू ५४वटा ठाउँमा प्रतिच्छेदन हुन्छन। जस्को आ–आफ्नै शिव र शक्ति गुण हुन्छ जस्को कुल जोड १०८ नै हुन आउँछ ।

अन्त्यमा मुक्तिनाथको मन्दिरमा १०८ धारा । ब्रह्मदेवको मूलअस्त्र ब्रह्मास्त्र र विष्णुदेवको मूल अस्त्र सुदर्शनचक्र हो भने भगवान शिवजीको मूलअस्त्र त्रिशुल हो । वास्तवमा त्रिशुल भन्नाले तीनवटा भाला भन्ने जनाउँछ । यसैगरी उक्त त्रिशुलका तीन टुप्पाले सृष्टि, संरक्षण र संहारका साथै सत्य, रज र तम त्रिदेव जस्ता तीन गुणलाई बुझाउँछ । ब्रह्मा विष्णु महेश्वर त्रिदेव हुन भने र लक्ष्मी, सरस्वती र कालीलाई त्रिदेवी भनेर चिनिन्छ । स्वर्ग, मर्त्य र पातल तीन लोक, भूत वर्तमान र भविष्य तीन काल, मानिसका शरिरमा शारिरिक, मानसिक र आध्यात्मिक चेतना सबैलाई नाश गरेर एक नयाँ सिर्जनातर्फ लैजाने शक्ति त्रिशुलमा पाइन्छ । जब तीनै लोकमा अशान्ति छाउँछ, सत्यगुणको नाश भएर अबगुणको सृजना हुन्छ, राम्रोको ठाउँमा नराम्रोले बास गर्छ तब महादेवको त्रिशुलले नराम्रा कुराहरूको नाश गरेर सत्यको सृजना गर्दछ । व्यास नगरपालिकाले नगरको पर्यटन अभिबृद्धि हुने राम्रा काममा ढिला नगरोस । राम्रमा काममा हाम्रा पनि अवश्य साथ रहने छ । आगामी तीन महिना भित्रमा व्यास मूर्ति निर्माण स्थलको बाँकी ढलान कार्य समाप्त गरेर व्यास मूर्ति निर्माणमा सबैको ध्यान पुगोस ।

## तपाईंको आज

**मेष**
कामको चाप बढ्न सक्छ, तर प्रयास अनुसार फल पाइनेछ। परिवारमा सल्लाहका आधारमा निर्णय लिनुहोस् ।

**वृष**
धन लाभको संकेत देखिन्छ। प्रेम सम्बन्धमा सुधार आउला । वैदेशिक कार्यमा सफलता मिल्नेछ।

**मिथुन**
व्यावसायिक निर्णयमा चाँडो नगर्नुहोस। मित्र वा आफन्तसँग मनमुटाव हुन सक्छ, विचार पुर्‍याउनुहोस्।

**कर्कट**
मानसिक तनाव घट्नेछ। शिक्षा र प्रतिस्पर्धामा सफलता मिल्ने सम्भावना छ। सामाजिक कार्यमा प्रशंसा पाइनेछ।

**सिंह**
नयाँ अवसरको संकेत छ। आत्मविश्वास बढ्नेछ। सांस्कृतिक वा धार्मिक कार्यमा सहभागी भइनेछ।

**कन्य**
खर्चमा वृद्धि हुने देखिन्छ। सोचेर योजना बनाउनुपर्छ। विदेश सम्बन्धी विषयमा आकस्मिक समाचार आउन सक्छ ।

**तुला**
सम्बन्धमा सुधार आउँछ। नयाँ योजनामा लगानी गर्न उपयुक्त समय छ। अध्ययन र सिर्जनात्मक कार्यमा सफल मिल्नेछ ।

**वृश्चिक**
पद, प्रतिष्ठा र सम्मान प्राप्त हुने दिन। जिम्मेवारीको बोध हुनेछ। सरकारी वा कानुनी काममा सफलता सम्भव।

**धनु**
पढाइ र अनुसन्धानमा ध्यान केन्द्रित हुनेछ। यात्रा सफल बन्नेछ। बौद्धिक क्षमताको राम्रो प्रयोग हुने दिन।

**मकर**
सावधानी आवश्यक छ, विवादमा नपरौं। पारिवारिक जीवनमा सामान्य असमझदारी देखिन सक्छ। स्वास्थ्यप्रति ध्यान दिनुहोस्।

**कुम्भ**
समय व्यापार र साझेदारीको लागि उपयुक्त छ। पुरानो मित्रसँग भेटघाटको योग छ। वैवाहिक जीवन सुखद रहनेछ।

**मीन**
आज योजना सफल हुने सम्भावना बलियो छ। मन चञ्चल भए पनि सृजनात्मक काममा लाभ हुनेछ।

# निम्स दाइ : असम्भवलाई सम्भव बनाउने हिमालका योद्धा

कुम्भराज राई/काठमाडौं

हिमाल आरोहणका कथाहरू प्रायः शिखर चुमेका आरोहीका सफलतामा टुङ्गिन्छन् तर केही त्यस्ता आरोही हुन्छन्, जसको वास्तविक उचाइ उनीहरूले चुमेको शिखरले होइन, उनीहरूले सामना गर्ने चुनौती र साहसले मापन गर्छ। विश्व पर्वतारोहण इतिहासमा निर्मल पुर्जा अर्थात् 'निम्स दाइ' एउटा त्यस्तो नाम हो, जसले केवल संसारका अग्ला हिमालहरू आरोहण गर्ने काम मात्र गर्नु भएन, बरू संसारले नेपाली पर्वतारोहीलाई हेर्ने दृष्टिकोण नै बदल्ने प्रयास गर्नुभयो।

म्याग्दी दानास्थित सामान्य परिवारमा जन्मिनु भएका पुर्जाको बाल्यकाल चरम दुःख र सङ्घर्षले भरिएको थियो। बाल्यकालमा क्षयरोग र दमजस्ता स्वास्थ्य समस्यासँग जुध्नुभएका पुर्जा कुनै दिन विश्वकै सबैभन्दा कठिन हिमालहरू आरोहण गरेर इतिहास रच्ने व्यक्ति बन्लान् भन्ने कल्पना अरूले त छाडौँ उहाँ आफैँले गर्नुभएको थिएन । गाउँको सामान्य जीवनबाट सुरू भएको उहाँको यात्रा बेलायती गोर्खा सैनिकसम्म पुग्यो। उहाँ सन् २००३ मा बेलायती सैनिकका रूपमा भर्ती हुनुभयो । त्यहाँ पनि उहाँ साधारण सैनिक भएर बस्नुभएन । कठिन छनोट प्रक्रिया पार गर्दै बेलायतको प्रतिष्ठित स्पेसल बोट सर्भिस (एसबिएस) मा प्रवेश गर्ने पहिलो गोर्खा सैनिक बन्नुभयो । सैन्य जीवनले उहाँलाई अनुशासन, जोखिम व्यवस्थापन, नेतृत्व र असम्भवलाई कसरी सम्भव बनाउने भन्ने सीपका साथै आत्मविश्वास दिलायो तर उहाँको जीवनको मोड हिमाल बन्यो ।

सन् २०१२ मा सगरमाथा आधार शिविरसम्मको पहिलो यात्राले उहाँको सोच बदलियो । हिमाल केवल प्राकृतिक सुन्दरता होइन, आफ्नो क्षमताको सीमा परीक्षण गर्ने प्रयोगशाला पनि रहेछ भन्ने उहाँले महसुस गर्नुभयो । त्यसपछि उहाँले पर्वतारोहणलाई केवल पेसा होइन, जीवनको उद्देश्य बनाउनुभयो र सन् २०१८ मा बेलायती सैनिकबाट राजीनामा दिनुभयो ।

सन् २०१९ मा उहाँले 'प्रोजेक्ट पोसिबल' अभियान घोषणा गर्नुभयो। जुन अभियान धेरैका लागि अव्यावाहरिक र असम्भव सपनाझैँ थियो। सो अभियानको लक्ष्य थियो, 'विश्वका १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल सात महिनाभित्र आरोहण गर्ने ।' त्यसबेला यो लक्ष्यलाई धेरै अनुभवी पर्वतारोहीहरूले समेत असम्भव भनेर प्रतिक्रिया दिएका थिए । उहाँले सो अभियानका लागि प्रायोजन खोज्दा प्रायोजकहरूसमेत हिच्किचाएका थिए । आर्थिक अभाव यति थियो कि उहाँले आफ्नै घर धितो राखेर अभियान अघि बढाउनुभएको थियो । सो प्रसङ्ग उहाँको आत्मकथा 'बियोन्ड पोसिबल'मा उल्लेख छ ।

निम्स दाइका लागि 'असम्भव' भन्ने शब्द नै प्रेरणाको स्रोत बन्यो। अन्ततः उहाँले ६ महिना ६ दिनमै ती सबै १४ हिमाल आरोहण गरेर इतिहास मात्र रच्नुभएन, सम्भावनाको परिभाषा नै पुनर्लेखन गर्नुभयो । भलै उहाँको सो कीर्तिमान नर्वेजियन आरोही क्रिस्टिन हरिला र नेपाली आरोही तेन्जेन लामा शेर्पाले ९२ दिनपछि नै तोडे तर सो कीर्तिमान तोड्ने साहस उनीहरूमा जो आएको थियो, त्यसको पछाडि निम्स दाइकै 'सम्भव छ' भन्ने हिम्मत जोडिएको थियो ।

उहाँको आरोहण यात्राको अर्को महत्त्वपूर्ण पक्ष भनेको नेपाली पर्वतारोहणको पहिचान बदल्ने अभियान थियो । दशकौँसम्म अन्तरराष्ट्रिय सञ्चारमाध्यममा विदेशी आरोहीहरू नायक बन्थे भने नेपाली शेर्पा र उच्च हिमाली सहयोगीहरू पृष्ठभूमिमा सीमित रहन्थे। निम्स दाइले बारम्बार भन्नुभयो, "हिमालको सफलता केवल शिखरमा पुग्ने व्यक्तिको होइन, सम्पूर्ण टोलीको सामूहिक उपलब्धि हो ।"

यसको सबैभन्दा राम्रो उदाहरण सन् २०२१ को ऐतिहासिक 'के-टु'को पहिलो जाडोयामको आरोहणलाई मान्न सकिन्छ । संसारभरका पर्वतारोहीले हालसम्म जाडोयाममा के-टु हिमाल आरोहण गर्न सकेका थिएनन् । सो अभियानमा शिखर पुग्न अन्तिम केही मिटर बाँकी हुँदा टोलीमा आबद्ध जोकोहीले व्यक्तिगत रूपमा अघि बढ्न सक्थे तर निम्स दाइले सबैलाई रोक्नुभयो । दसै जना नेपाली पर्वतारोही एक ठाउँमा भेला भए र नेपालको राष्ट्रिय गान गाउँदै एकसाथ शिखरमा पाइला राखे । त्यो केवल एउटा आरोहण मात्र थिएन, त्यो त विश्व




पर्वतारोहण इतिहासमा नेपालीले लेखेको एक इतिहासको अध्याय थियो ।

निम्स दाइले खिच्नुभएको सगरमाथाको 'ट्राफिक जाम'को तस्बिर सन् २०१९ मा संसारभर 'भाइरल' बन्यो । धेरैका लागि त्यो भीडको दृश्य थियो, तर निम्सका लागि त्यो हिमाल व्यवस्थापन, मौसमको सीमित अवसर र बढ्दो व्यावसायिक आरोहणबारे विश्वव्यापी बहस सुरू गराउने दस्तावेज बन्यो।

उहाँले देखाउनुभएको अर्को पक्ष उद्धार अभियानप्रतिको प्रतिबद्धता हो । कतिपय अवस्थामा उहाँले आफ्नो व्यक्तिगत कीर्तिमानभन्दा माथि उठेर मानवीयतालाई प्राथमिकता दिंदै उद्धार अभियानमा संलग्न हुनुभयो । उहाँको जीवनदर्शन सरल थियो, 'सम्भव छ'। अरूले असम्भव देख्ने लक्ष्यलाई सम्भव बनाउन सकिन्छ भन्ने विश्वासले नै उहाँलाई विश्वभर 'निम्स दाइ' का रूपमा चिनायो । यही दर्शनले सन् २०२१ मा 'नेटफि्लक्स'को चर्चित वृत्तचित्र 'फोर्टिन पिक्सः नोथिङ इज इम्पोसिबल' मार्फत करोडौँ दर्शकसम्म उहाँको कथा पुग्यो ।

आज निम्स दाइ केवल कीर्तिमानी पर्वतारोहीका रूपमा मात्र रहनुभएन । उहाँ त नेपाली पर्वतारोहणको नयाँ आत्मविश्वासका प्रतीक बन्नुभएको छ । उहाँले नेपाली पर्वतारोहीलाई विश्वमञ्चमा सहायक नभएर नेतृत्वकर्ता र निर्णयकर्ता रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। एलिट एक्सपिडिसनमार्फत नयाँ पुस्ताका नेपाली पर्वतारोहीलाई अवसर सिर्जना गर्ने प्रयास होस् वा निम्स दाइ फाउन्डेसन मार्फत हिमाली वातावरण संरक्षणका अभियानमा उहाँको योगदान शिखरभन्दा धेरै परसम्म फैलिएको छ ।

त्यसो त निम्स दाइ पनि सर्वगुण सम्पन्न हुनुहुन्थेन । मानिसमा हुने सामान्य कमजोरी उहाँमा पनि थियो । विभिन्न समयमा उहाँ केही विवादमा पनि मुछिनुभयो। सन् २०१९ मा आमादब्लमको शिखर नै ढाक्ने गरी कुवेतको झण्डा राखेको, केही विदेशी महिलालाई यौन दुर्व्यवहार गरेको, उहाँको कम्पनीले भाडामा लिएको घर कपनमा आगलागी हुँदा व्यक्तिको ज्यान गएको, कतिपय हिमालमा आरोहणका गतिविधिमा मनपर्दी गरेको जस्ता आरोप उहाँमाथि लागेको थियो तर ती सबै आरोपको खण्डन गर्दै उहाँले स्पष्टीकरण दिंदै आउनुभएको थियो ।

उहाँले आफूलाई चर्चामा ल्याउने र व्यवसाय चलाउने काममा मात्र सीमित राख्नुभएन । सन् २०२२ मा 'निम्स दाइ फाउन्डेसन' स्थापना गरी हिमाली समुदायमा काम गर्ने गरी शिक्षा, वातावरण, प्रेरणामूलक अभियानका साथै विपद् व्यवस्थापनका क्षेत्रमा काम सुरू गर्नुभएको थियो । सोही फाउन्डेसनमार्फत उहाँले हालैमात्र सोलुखुम्बुको लोबुचेमा भरियाका लागि 'पोर्टर हाउस' निर्माण गर्नुभएको थियो ।

सगरमाथा मार्गमा पर्ने समुद्र सतहदेखि पाँच हजार ३० मिटर उचाइमा अवस्थित लोबुचेमा निर्मित सो भवनका लागि उहाँले केही वर्षदेखि विभिन्न संघसंस्था र स्थानीय तहसँग समन्वय तथा सहयोग संकलन गर्नुभएको थियो। फाउन्डेसले गत मे २७ (जेठ १३ गते) मात्र सो भवन निर्माण सम्पन्न गरी औपचारिक उद्घाटन गरिएको थियो । नेपाली रू छ करोडभन्दा बढी खर्च गरेर बनाइएको सो पोर्टर हाउसमा १०० भन्दा बढी भरिया सुत्न मिल्ने क्षमताको छ । हिमालमा भारी बोक्ने भरियाहरूले ठूला होटलमा बास बस्न नसक्ने र साना होटलमा समेत बेलाबेलामा ठाउँ नपाउँदा समस्या हुने गरेको देखेर निर्मल पुर्जाले सो पोर्टर हाउस निर्माण गर्ने सपना निम्स दाइको थियो ।

हिमालले आरोहीको छविलाई बढाउँछ तर केही आरोहीले हिमाललाई नै नयाँ अर्थ दिन्छन्। निम्स दाइ त्यहीमध्येका एक दुर्लभ प्रतिनिधि हुनुहुन्छ, जसले विश्वलाई एउटा साधारण सन्देश दिएर जानुभयो, त्यो हो 'साहस र दृढ इच्छाशक्ति भए असम्भव शब्द केवल एउटा सोच मात्र हो ।'

---

यो 'अबिच्युरी' मा प्रयोग गरिएको तस्बीर निर्मल पुर्जाको फेसबुकबाट लिइएको हो । रासस


## परिचयपत्र हराएको सूचना

यही मिति २०८३/०३/०२ गते तनहुँको व्यास नगरपालिका-११ तनहुँसुरबाट दमौली तर्फ आउने क्रममा मेरो निम्न विवरण भएको JAPANESE RESIDENCE CARD हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगाना र फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध गर्दछौं ।

**नाम** : एक बहादुर आले
RESIDENCE CARD NO : SA48985603NA
**ठेगाना** : व्यास नगरपालिका-११, तनहुँसुर, तनहुँ ।
**सम्पर्क नं.** : ९८२६६५२३०२

## रिक्त शिक्षक पदमा सरूवा सम्बन्धी सूचना

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०४/१५ गते*

भानु नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा तनहुँको च.नं. ११ मिति २०८३/०४/१५ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको पदमा १ (एक) जना माध्यमिक तह तृतीय श्रेणीको **सामाजिक** विषय शिक्षक सरूवा प्रक्रियाबाट पदपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित तह र श्रेणीका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र नियमावली २०५९ को अनुसूची १७ बमोजिमको ढाँचामा निवेदन दिन शिक्षा नियमावली (दशौं संशोधन २०८३) नियम ९९ को सरूवा सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू:**
१) सरूवाको लागि निवेदन ।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३) आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४) अस्थायी/स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
५) शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
६) हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरू हाजिर भएको कागजात ।
७) विद्यालयको सहमति पत्र ।
८) सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
९) शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) वमोजिम प्राथमिकता दावी गर्ने प्रमाण र कागजात ।
१०) शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको फराम ।

**नोट** : उल्लिखित अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली २०५९ दशौं संशोधन २०८३ तथा प्रचलित कानुनवमोजिम रित नपुगी प्राप्त हुन आएमा निवेदनमाथि कुनै कारवाही हुनेछैन ।

प्रधानाध्यापक
**श्री सरस्वती सदन माध्यमिक विद्यालय**
भानु न.पा.-५, मैबल, तनहुँ । सम्पर्क : ९८४६०६७३८३
Email- saraswotisadanmavi@gmil.com

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०४/१५ गते*

ऋषिङ गाउँपालिकाको कार्यालय तनहुँको च.नं. ५३ मिति २०८३/०४/१५ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह (कक्षा ९-१०) तृतीय श्रेणीको **गणित** विषय शिक्षक (शिक्षण सिकाई सहयोग अनुदान) करारमा नियुक्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**
१) **पद** : माध्यमिक तह (कक्षा ९-१०, करार)
२) **विषय** : गणित ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा स्नातक वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १५००/- (एक हजार पाँच सय रूपैयाँ)
६) **तलब** : शिक्षण सिकाई सहयोग अनुदान कार्यक्रम अनुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०४/२९ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०४/२९ गते विद्यालय समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्चः** माथिल्लो योग्यता र अनुभविलाई विशेष प्राथमिकता दिइनेछ ।

प्रधानाध्यापक
**श्री दीपक माध्यमिक विद्यालय**
ऋषिङ गाउँपालिका-१, गैराखुदी, तनहुँ ।
सम्पर्क : ९८४६४८९५३९, ९७४५२८२२५८
Email- deepaks.school2018@gmail.com




**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.द्द.नं. २/२०७८/०७९
२०८३ साउन १७ गते आइतबार
August 02, 2026



**ज्येष्ठ नागरिक स्वास्थ्य सेवा** : तनहुँको भिमाद नगरपालिकाको स्वास्थ्य शाखाले वडा नं. १ स्थित किहुँ स्वास्थ्य चौकीले सेवा क्षेत्र देउराली दर्कीङका ज्येष्ठ नागरिकलाई गाउँटोलमै पुगेर प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्दै । *तस्विर : भञ्ज्याङ*

# भाषा, साहित्य र कलाको उत्थानका लागि प्राज्ञिक सहकार्यलाई जोड

भञ्ज्याङ समाचारदाता/दमौली

आदिकवि भानुभक्त क्याम्पस, विज्ञानचौरले गण्डकी प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त पदाधिकारी तथा प्राज्ञ सदस्यहरूलाई सम्मान गर्दै नेपाली भाषा, साहित्य र कलाको संरक्षण, संवर्द्धन तथा प्राज्ञिक सहकार्यलाई सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

'नेपाली भाषा, साहित्य र कलाको उत्थानका लागि प्राज्ञिक संवाद तथा सम्मान' भन्ने मूल नाराका साथ शुक्रबार क्याम्पसमा आयोजित कार्यक्रममा गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति प्रा.डा. कुसुमाकर न्यौपाने, सदस्य-सचिव मनकुमार श्रेष्ठ तथा प्राज्ञ सदस्यहरु प्रा.डा. ईश्वरचन्द्र वाग्ले, टुकादेवी आचार्य पौडेल र शान्ता बास्तोलालाई सम्मान गरिएको हो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनारको सभापतित्वमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख एवं पब्लिक क्याम्पस संघका पूर्व केन्द्रीय अध्यक्ष बैकुण्ठ न्यौपानेले सम्मानित व्यक्तित्वहरुलाई दोसल्ला र सम्मानपत्र प्रदान गरेका थिए भने, उपाध्यक्ष श्रीराम कार्कीले स्वागत गरेका थिए ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले गण्डकी प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त पदाधिकारीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै आगामी पुस महिनामा आयोजना हुने आदिवासी जनजाति भाषा तथा साहित्य गण्डकी प्रदेश सम्मेलन-२०८३ मा प्रतिष्ठानसँग सहकार्य गर्न तथा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गर्न आग्रह गरे । उनले भाषा, साहित्य र संस्कृतिको संरक्षणमा शैक्षिक संस्था र प्राज्ञिक निकायबीचको सहकार्य समयको आवश्यकता भएको उल्लेख गरे ।

कार्यक्रमका वक्ताहरूले प्रज्ञा-प्रतिष्ठान र शैक्षिक संस्थाबीचको सहकार्यले स्थानीय तहदेखि नै नेपाली भाषा, साहित्य, कला र वाङ्मयको विकासमा महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गरेका थिए । उनीहरूले अनुसन्धान, प्रकाशन, भाषा संरक्षण तथा सांस्कृतिक गतिविधिहरूलाई संयुक्त रूपमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याए ।




सम्मानित व्यक्तित्वहरुको तर्फबाट बोल्दै गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति प्रा.डा. कुसुमाकर न्यौपानेले क्याम्पस परिवारले गरेको सम्मानले आफ्नो जिम्मेवारी अझ बढाएको अनुभूति भएको बताए । उनले गण्डकी प्रदेशका भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा प्रतिष्ठानले विश्वविद्यालय तथा सामुदायिक क्याम्पसहरुसँग सहकार्य विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सदस्य-सचिव मनकुमार श्रेष्ठले प्राज्ञिक संस्थाहरु र उच्च शिक्षाका केन्द्रबीचको सहकार्यबाट अनुसन्धान, सिर्जना र प्रकाशनका क्षेत्रमा नयाँ सम्भावना सिर्जना हुने विश्वास व्यक्त गरे ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष केशबहादुर सुनारले आदिकवि भानुभक्त क्याम्पसले गण्डकी प्रज्ञा-प्रतिष्ठानसँग मिलेर भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा संवर्द्धनका क्षेत्रमा संयुक्त कार्यक्रम सञ्चालन गर्न सदैव तयार रहेको बताए ।

कार्यक्रमलाई भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्राज्ञिक संस्थाहरूबीच सहकार्य विस्तार गर्ने महत्वपूर्ण अवसरका रूपमा सहभागीहरूले मूल्याङ्कन गरेका थिए ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

facebook twitter



**Narayan Amrit**
x.com/amritna

तराई-मधेसतिरका कोठा-चोटामा 'गोप्य मन्त्रणा' गरिरहेका स्वार्थी समूहहरू पनि सुक्ष्म निगरानीमा राखियोस् । यता सदभावको नक्कली आव्हान गर्ने तर उता बेला यही हो भनेर आफ्ना 'सण्डमुण्ड'लाई बलेको आगोमा घ्यू थप्न लगाउने पिपाशुहरूले धार्मिक र साम्प्रादायीक द्वन्द भड्काउन गरिरहेको कुस्सित खेलको भण्डाफोर हुन जरूरी छ । कोही भदौ २३ को बदला लिन र कोही धमिलो पानीमा खेलेर बलियो राजनीतिक शक्ति हुने जुन स्वार्थमा यी समूहहरू सक्रिय छन्, यिनीहरूले के बुझ्न जरुरी छ भने- २३ भदौ र यो परिघटनामा धेरै फरक छ। सुशासनको मागसहित सडकमा उत्रेको २३ भदौले एउटा सरकार निले होला, तर यसले तिम्रो सन्तान बसिरहेको समाज निल्छ। सिंगो समय निल्छ । त्यसैले धर्मका नाममा काखी नबजाऊ । नउक्साऊ । सामाजिक सञ्जालमा यसलाई क्रान्तिको बाणी नदेऊ । हृदयको स्वार्थी विरालोलाई चुप बस्न लगाऊ । म्याउँ गर्न नदेऊ। ताकत भए- शुद्ध राजनीतिक एजेण्डामा राजनीति गर । धर्मको भर नपर ।



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

भारतमा इन्जिनियरिङ अध्ययन गर्दा (जमशेदपुर, तत्कालीन बिहार, हाल झारखण्ड) त्यहाँ देखिने जातीय र साम्प्रदायिक द्वेष-घृणा देखेर अचम्म लाग्थ्यो। त्यसबेला नेपालको सामाजिक सद्भावप्रति गर्व महसुस हुन्थ्यो।
खै किन र कसरी हो, त्यही किसिमको विकृति अहिले नेपालमा पनि विस्तारै भित्रिँदै गएको देखिन्छ। यसलाई समयमै रोकौं। जातीय वा साम्प्रदायिक घृणा र द्वन्दले अन्ततः कसैको पनि भलो गर्दैन। यसले समाजलाई विभाजित, कमजोर, असभ्य र अन्ततः सधैंका लागि विपन्न बनाउँछ ।

# क्याम्पस परिसरमा फलफूलका बिरुवा रोपियो

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

नेपाल वन पैदावार उद्योग व्यवसायी समिति, तनहुँले शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित भानुभक्त बहुमुखी क्याम्पस परिसरमा एक सय फलफूलका बिरुवा रोपेर वृक्षारोपण गरेको छ। कार्यक्रममा शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले वृक्षारोपणलाई औपचारिक कार्यक्रममा मात्र सीमित नराखी संरक्षण र दीर्घकालीन व्यवस्थापनसँग जोड्नुपर्ने आवश्यकता औंल्याएका छन् । विगतमा विभिन्न निकायबाट वृक्षारोपण गरिए पनि बिरुवाको संरक्षण र नियमित हेरचाहको अभावमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको उल्लेख गर्दै उनले परिणाममुखी वृक्षारोपण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

नगर प्रमुख पण्डितले शुक्लागण्डकी नगरपालिकाले भानुभक्त बहुमुखी क्याम्पसको शैक्षिक तथा भौतिक विकासलाई प्राथमिकतामा राख्दै चालु आर्थिक वर्षमा फर्निचर व्यवस्थापनका लागि रू. २० लाख बजेट विनियोजन गरेको जानकारी गराए । विद्यार्थीको सहज आवतजावतका लागि आगामी दिनमा क्याम्पस बस सञ्चालन गर्न आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

कार्यक्रममा जिल्ला वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले वृक्षारोपणलाई लक्ष्य र उद्देश्यअनुसार सञ्चालन गर्नुपर्ने बताउँदै वन कार्यालयले विभिन्न व्यवसायिक संस्था तथा स्थानीय निकायसँग सहकार्य गरी जिल्लाका विभिन्न क्षेत्रमा हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए ।

उनका अनुसार तनहुँ जिल्लामा हालसम्म करिब १८ हजार हेक्टर क्षेत्रमा वृक्षारोपण सम्पन्न भइसकेको छ भने जिल्ला वन कार्यालयमार्फत ३८ हजारभन्दा बढी बिरुवा वितरण गरिएको छ। वातावरण संरक्षण, जैविक विविधताको संवर्द्धन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि वृक्षारोपण अभियानलाई निरन्तरता दिइने उनले बताए ।

कार्यक्रममा भानुभक्त बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष दुर्गाकुमार श्रेष्ठ, उपाध्यक्ष तथा शुक्लागण्डकी नगरपालिका-५ का वडाध्यक्ष दीर्घबहादुर थापालगायतले वृक्षारोपणको महत्व, हरियाली संरक्षण तथा रोपिएका बिरुवाको नियमित हेरचाह आवश्यक रहेकोमा जोड दिएका थिए ।

नेपाल वन पैदावार उद्योग व्यवसायी समिति, तनहुँका अध्यक्ष दीपबहादुर श्रेष्ठका अनुसार कार्यक्रममा क्याम्पस परिसरमा एक सय वटा फलफूलका बिरुवा रोपिएको छ । रोपिएका बिरुवामा मुख्य रूपमा आँप र लिचीका बिरुवा रहेका छन् ।

समितिले शैक्षिक संस्थामा हरियाली वातावरण विस्तार गर्नुका साथै भविष्यमा विद्यार्थी तथा समुदायले फलफूलबाट प्रत्यक्ष लाभ लिन सकून् भन्ने उद्देश्यले वृक्षारोपण कार्यक्रम आयोजना गरिएको जनाएको छ । सहभागीहरूले वृक्षारोपणलाई सफल बनाउन रोपिएका बिरुवाको संरक्षण र नियमित स्याहारमा सबै पक्षको समान जिम्मेवारी रहने बताएका थिए।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : व्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४